# शिक्षा लेख सँगालो

*(आम सञ्चार माध्यमहरूको प्रयोजनका लागि मात्र)*

वर्ष २,  अङ्क १५,  २०६१ भदौ  (August 2004)

**यस अङ्कमा**


| | | | |
|---|---|---|---|
| १) | भिडन्तको त्रासदी, पढाइमा व्यवधान | रेवती सापकोटा | पृष्ठ २ |
| २) | गरीब विद्यार्थीको गरीब विद्यालय | कपिल श्रेष्ठ | पृष्ठ ३ |
| ३) | बढ्यो विदेशमा पढ्ने आकर्षण | वासुदेव तिमल्सिना | पृष्ठ ४ |
| ४) | अपाङ्ग शिक्षा : ऐनले दिएको सुविधा कटौती | तुला अधिकारी | पृष्ठ ५ |


शिक्षालाई अरू क्षेत्रभन्दा कम महत्व दिन नहुने निष्कर्षमा पुगेका छन् समाचारपत्रहरू । यद्यपि शिक्षामा स्तरीय फिचर लेखहरूको अभाव खट्किएकै छ । *शिक्षा पत्रकार समूह* ले यही अभावलाई महसूस गरेर पत्रपत्रिका र अन्य सञ्चार माध्यमलाई निरन्तर रूपमा शिक्षाका विभिन्न मुद्दा समेटिएका फिचर लेखहरूको सँगालो उपलब्ध गराउने अभियान थालेको हो । विभिन्न सञ्चार माध्यममा सक्रिय भएर शिक्षामा चासो राख्ने र स्वतन्त्र रूपमा सक्रिय पत्रकारहरूमार्फत् सकेसम्म स्तरीय लेख सामग्री जुटाइनेछ । हामीले उपलब्ध गराएको सामग्रीलाई आफ्नो पत्रपत्रिकामा स्थान दिनुभयो भने हामी आफ्नो प्रयास सार्थक भएको ठान्नेछौं । यस सँगालोका सामग्री छापिएपछि अन्तमा शिक्षा पत्रकार समूहलाई पनि जस दिनुहुनेछ भन्ने हाम्रो विश्वास छ । प्रकाशित सामग्रीको एकप्रति यस समूहलाई उपलब्ध गराइदिनुभएमा हामीबीचको व्यवसायिक सम्बन्धले अझ झाँगिने मौका पाउनेछ । स्तरीय फिचर सेवा उपलब्ध गराउने हाम्रो प्रयास निरन्तर रहनेछ । यो फिचर सेवा ***एक्सनएड नेपाल***को आर्थिक सहयोगमा तयार भएको हो ।

***शिक्षा लेख सगालो इमेलमा उपलब्ध छ । इमेल प्राप्त गर्नको लागि सम्पर्क गर्नुहोला ।***


**सम्पादन : राजाराम गौतम**

**पत्राचारका लागि हाम्रो ठेगाना**

**शिक्षा पत्रकार समूह**

**पो.व.नं. २१८४३, फोनः ४२५७६५५**

**फ्याक्सः ४२१८६८६, अनामनगर, काठमाडौं ।**

**इमेल :** ejg@ntc.net.np, or letter@ejgroup.org

**वेवसाइट :** www.ejgroup.org


## भिडन्तको त्रासदी, पढाइमा व्यवधान

● **रेवती सापकोटा**

हिमालय माध्यमिक विद्यालय कास्की, लुम्लेमा कक्षा ५ मा अध्ययरत १६ वर्षीय टुमनसिंह गुरुङले बीचैमा पढाइ छाडे । इच्छा नभएर उनले पढाइ छोडेका होइनन् । मुलुकका विभिन्न भागमा माओवादी विद्रोहीको अपहरणमा विद्यार्थी परेको जानकारी पाएका टुमन आफू अपहरणबाट बँच्न स्कुल छोडेको बताउँछन् ।

आफ्नै घरको आँगनमा शाही नेपाली सेना र माओवादी विद्रोहीबीच भएको भिडन्तले उनको मनमा त्रासले घर गरिरहेको छ । जहाँ गयो त्यहिं भिडन्तको आवाजले उनलाई पछ्याइरहन्छ । उनी भन्छन्, "डर लाग्छ त्यसैले अहिले पनि एक्लै हिंड्दिनँ ।" उनको आँगनमा चार महिना अघि शाही नेपाली सेना र माओवादी छापामारबीच दोहोरो भिडन्त भएको थियो । टुमनका ५६ वर्षीय बाबु इमानसिंह गुरुङ भन्छन्, "पैसा हुनेजति गाउँको स्कुल छोडेर सहरमा पढ्न गइहाले । आफूसँग पैसा छैन त्यसैले पढ्न पठाउन सकिएन ।"

टुमनको विद्यालयबाट उनले मात्र पढ्न छोडेका होइनन् । झण्डै दुई दर्जन विद्यार्थीले छोडिसेके । कृष्णबहादुर गुरुङले सोही विद्यालयमा पढ्दै गरेकी छोरी शान्तिलाई छोडाएर स परिवार पोखरा गईसकेका छन् । "लान्द्रुकमा निर्दोष महिला वीर सुब्बाको हत्या भएपछि विद्यार्थीहरु सर्टिफिकेट माग्न आउन थाले । ज्यान जोगाउनु पर्‍यो, पढाई ठूलो कि ज्यान ठूलो ? भनेर विद्यार्थीहरु नै सोध्छन् । हामी नाजवाफ हुन्छौं," हिमालय माविका प्रधानाध्यापक गोविन्दप्रसाद पौडेल गुनासो गर्छन् । उनका अनुसार, आठ कक्षाका मात्र १६ जनाले सर्टिफिकेट लिएर हिंडिसके । आठ कक्षामा जम्मा २४ जना विद्यार्थी थिए । ६, ७ र १० कक्षाका विद्यार्थीले पनि विद्यालय छोडेको उनी बताउँछन् ।

सोही विद्यालयको आठ कक्षामा अध्ययनरत १३ वर्षीय कमल गुरुङलाई अहिले पनि घरमा सुत्दा डर लाग्छ । कहिलेकाहिं त उनी निदाउन पनि सक्दैनन् । उनी भन्छन्, "पहिलेको जस्तै घटना होला जस्तो लाग्छ ।" उनकी आमा वीर सुब्बा र एक माओवादी युवतीलाई सेनाले १२ चैतको राती उनकै घरको ढोकामा ढालेका थिए । दुवै जनाको त्यहिं मृत्यु भएको थियो । त्यस दिन उनको घरमा मात्रै करीब ५० राउण्ड गोली लागेको थियो । त्यस दिनदेखि कमलको मनमा शान्ति छैन ।

आमाको हत्यापछि कमलका १८ वर्षीय दाजु गणेशले त पढाई नै छोडिसके । घरको सबै जिम्मेवारी सम्हाल्दै आएकी आमाको हत्यापछि त्यो जिम्मेवारी गणेशको काँधमा थपियो । बाबु कान नसुन्ने, भाई सानै, दुवै दाजु विदेशमा भएका कारण घरको जिम्मेवारी सम्हाल्न गणेशले पढाई छोड्नु परेको हो । जनप्रीय क्याम्पस पोखराको पढाई छोडेर घरमा बसेका गणेश भन्छन्, "भाई एक्लै घरमा बस्दैन । बुबा पनि डराउँछन् । गाउँका केटाकेटी पनि हाम्रो घरमा आउन डराउँछन् ।"

आमाको हत्यापछि परिवारलाई सहज रुपमा सञ्चालन गर्न उनले विवाह पनि गरिसकेका छन् । एकातिर उनलाई घर परिवारको जिम्मेवारीले थिचेको छ भने अर्कोतिर मानवीय त्रासले सधैं सताइरहन्छ । "माओवादी आएर बदला लिन जाऊ, रोइ कराई गरेर बस्नु हुँदैन । हाम्रो पार्टी राम्रो छ भन्छन्" गणेश गुनासो गर्छन्, "सेनाले आएर हामीलाई नै थर्काउँछ । हाम्रो लागि सेना र माओवादी दुवै उस्तै हुन् ।" मानवीय त्रासका कारण गणेशका दुवै दाजु आमाको क्रिया गर्न समेत आउन सकेनन् ।

उता पारिपट्टीको गाउँ घान्द्रुकमा पनि विद्यार्थीले पढाई छोडेर हिंडेका छन् । माओवादी लुकेको आशंकामा शाही नेपाली सेनाले असोजको अन्तिम साता हेलिकोप्टरबाट अन्धाधुन्द गोली बर्साएको घटनालाई मेश्रम बराह मावि घान्द्रुकका करिब चार सय विद्यार्थीले अझै बिर्सन सकेका छैनन् । त्यो घटनापछि त्यस विद्यालयका शिक्षक, विद्यार्थी र अभिभावक आकाशमा हेलिकोप्टर दौडेको आवाज सुन्ने बित्तिकै तर्सन्छन् । सेनालेमध्ये दिउँसो बर्साएको गोली लागेर बारीमा घाँस काटिरहेका साइँला तामाङ घाइते भएका थिए ।

१९ वर्षदेखि घान्द्रुकमा बसेर पढाउँदै आएका फुम्रोखुं प्राथमिक विद्यालयका प्रधानाध्यापक भुवानीप्रसाद भट्टराई भन्छन्, "यहाँ स्कुल छोड्ने केटाकेटीको संख्या अत्यधिक हुन्छ ।" उनको विद्यालयमा अहिले एक सय ७२ जना विद्यार्थीलाई तीन जना शिक्षकले पढाउँछन् । तर दरबन्दी भने चार जना शिक्षकको छ ।

शिक्षण संस्थालाई शान्ति क्षेत्र घोषणा गरिए पनि त्यसको कार्यान्वयन राज्य र विद्रोहीले नगर्दा ग्रामीण क्षेत्रको पठनपाठनमा गम्भीर असर पर्दै गएको छ । जिल्ला, क्षेत्र र शिक्षण संस्था बन्द भनी गरिएका घोषणाका बेला ग्रामीण शिक्षण संस्था बन्द गर्न बाध्य हुनुपर्छ । युद्धको विभिषीकाबाट भावी सन्ततीलाई जोगाउन संयुक्त राष्ट्रसंघको वडापत्रमा गरिएको आग्रहलाई राज्य र विद्रोही दुवै पक्षले लत्याउँदैछन् ।

२६ वर्षदेखि घान्द्रुकमा पढाउँदै आएका कृष्णप्रसाद पौडेल भन्छन्, "राज्य र विद्रोही दुवैले मारकाट बन्द गरी अपहरण बन्द गर्नुपर्छ । त्यसको लागि राष्ट्रिय रुपमै समस्या समाधान हुनुपर्छ ।"

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

ЖЖ

## गरिब विद्यार्थीको गरिब विद्यालय

**● कपिल श्रेष्ठ**

रामकुमारी विश्वकर्मालाई सुविधा सम्पन्न विद्यालयमा पढ्ने रहर नभएको होइन । तर के गर्नु ? आर्थिक स्थिति कमजोर भएका कारण उनको रहर मनभित्रै गुम्सिएको छ । टाई बाँधेर स्कुल बसमा आफू जस्तै बालबालिका पढ्न गएको देखेर मन कुँडाउनेहरुको पंक्तिमा उनी एक्ली भने होइनन् । उनको विद्यालयका सबैजसो सहपाठीको उस्तै वेदना छ ।

राजधानीको केन्द्रमै रहे पनि भौतिक हिसाबले निकै दरिद्र देखिने रामकुमारीको विद्यालयको र उनको आर्थिक हैसियत समान झैं लाग्छ । काठमाडौं महानगरपालिका वडा नं. १० मा २०५२ सालमा खुलेको रुद्रमति प्राथमिक विद्यालयको अवस्था राजधानीको विद्यालयको जस्तो छैन । कुनै विकट पहाडी गाउँको विद्यालयको जस्तो हालत छ । त्यहाँ पढ्ने सबै बालबालिकाहरु स्थानीय बासिन्दाका नभई उपत्यका बाहिरबाट मजदूरी गर्न आउने मजदूर, सुकुम्बासी र घरेलु कामदारका छोराछोरी हुन् ।

आफ्ना बालबालिकालाई पढाउने अभिभावकहरु प्राय सबै गाउँबाट विभिन्न कारणले विस्थापित भई राजधानी प्रवेश गरेकाहरु छन् । बालबालिकालाई विद्यालय पठाउनुपर्छ भन्ने चेतना यी सबै अभिभावकलाई भए पनि बिहान बेलुकाको छाक टार्ने समस्याले पीडित यी मजदूरहरु आफ्ना बालबालिकालाई महँगो विद्यालय पढाउन नसक्ने बताउँछन् । नजिकैको ठूलो निजी विद्यालयतिर औंल्याउँदै अभिभावक कृष्णकुमारी भुजेल भन्छिन् "आय स्रोत राम्रो भएको भए मेरो छोराछोरीलाई यहाँ होइन, ऊ त्यहाँ पढाउँथे ।"

सार्वजनिक विद्यालयका अभिभावकहरु पढाइको गुणस्तर राम्रो भएन भनी गुनासो गरे पनि विद्यालय गएर कहिल्यै सोधखोज गर्दैनन् । रुद्रमति प्राविकी प्रधानाध्यापिक मञ्जु श्रेष्ठका अनुसार छोराछोरीले विद्यालय गएर कति सिक्यो, कति पढ्यो वा पढेन भन्ने चासो लिने अभिभावक यो विद्यालयमा छैनन् ।

त्यसो त अभिभावक पनि यो कुरा स्वीकार्छन् । धनकुटा जिल्लाबाट मजदूरी गर्न काठमाडौं आएकी अभिभावक मनमायाँ थापा मगर भन्छिन्, "आफूलाई विहान भात खाएपछि बेलुका के खाने भन्ने समस्याले पिरोलिसक्छ, के को बच्चाले पढ्यो/पढेन भन्ने चिन्ता लिनु ?" सर्लाहीबाट मजदूरी गर्न काठमाडौं आएका अर्का एक अभिभावक रामबहादुर विश्वकर्माको आफ्नै कथा छ ! भन्छन्, "ज्यामी कामबाट दिनको सयदेखि एकसय चालीस रुपैयाँसम्म कमाउँछु । त्यतिले ६ जनाको परिवार पाल्न नै धौधौ पर्छ । छोराछोरीको लागि चाहिने कापी, कलम र विद्यालय पोशाक कसरी किन्ने ?"

अभिभावक पनि गरिब छन्, भौतिक हिसाबले विद्यालय त्यत्तिकै दरिद्र छ । विद्यालयको एकमात्र भवनमा पर्याप्त डेस्क बेञ्च छैनन् । विद्यालयको ढोका पुरानो टीनबाट बनेको छ र बालबालिकालाई खेल्नका लागि मैदान र खेलकुद सामग्री छैनन् । तीन कक्षामा अध्ययनरत रामकुमारी बिश्वकर्मा भन्छिन्, "विद्यालयमा खाने पानी समेत छैन । अझै विद्यालयमा शौचालय नभएकोले हामीलाई दिसा पिसाब गर्न समेत विद्यालय छोडी अन्यत्र जानुपर्दा पढाइमा बाधा पुगेको छ ।"

सरकारले सबै विद्यालयमा खानेपानी र शौचालय निर्माणका लागि भनेर बजेट छुट्याएको छ तर यो विद्यालयमा ती सुविधा छैनन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामनाथ तिमिल्सिना भौतिक पूर्वाधारको कमी र अन्य कमजोरीका कारण आफूहरु सम्भ्रान्त अभिभावकहरुबाट हेपिनुपरेको तीतो अनुभव सुनाउँछन् । उनी भन्छन्, "भौतिक र व्यवस्थापकीय अस्तव्यस्तता देखेर होला छिमेकी धनी अभिभावकहरु यो विद्यालयलाई खातेहरुले पढ्ने विद्यालय भनी नाक खुम्च्याउँछन् ।"

शिक्षा मन्त्रालय, विद्यालय प्रशासन महाशाखाका प्रमुख रामप्रसाद बस्याल एउटा प्राथमिक विद्यालय सञ्चालन गर्नका लागि यसका न्यूनतम भौतिक पूर्वाधारहरु हुनु जरुरी भएको बताउँछन् । उनको भनाइमा, एउटा प्राथमिक विद्यालयमा स्वच्छ पिउने पानी, शौचालयको व्यवस्था, विज्ञान प्रयोगशाला, बालबालिकाका लागि खेल्ने सामग्री र खेल्नका लागि प्रशस्त मैदान हुनु जरुरी छ । उनी थप्छन्, "खेलकुदबाट पनि बालबालिकाहरुले धेरै कुरा सिक्ने गर्छन् । अझै शारीरिक र मानसिक विकासका लागि खेलकुद अनिवार्य छ ।"

रुद्रमति प्राविमा यीमध्ये कुनै पनि सुविधा छैन । प्रधानाध्यापिका मञ्जु श्रेष्ठ भन्छिन्, "विद्यालयलाई चाहिने पाठ्यपुस्तक लगायत पुस्तकालय र अन्य खेलकूद सामग्री, खेल मैदान केही पनि छैन । शिक्षक दरबन्दी कम भएको कुरा बारम्बार जिल्ला शिक्षा कार्यालयमा उजुरी गर्दा पनि हालसम्म कुनै सुनुवाई भएको छैन ।"

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामनाथ तिमिल्सिना वेदना थप्छन्, "सरकारी अनुदानको अपुग, आर्थिक सहयोगको कमी र गरीव तथा दलित छात्रछात्राहरुको बाहुल्यता भएको विद्यालयमा भौतिक सुविधा थप गर्न गाह्रो भएको बताउँछन् । तिमिल्सिना भन्छन्, "अभिभावकहरु केही योगदान गर्न सक्षम छैनन् । विद्यालयमा अध्यननरत विद्यार्थीका अभिभावकहरु सबै निम्न आय भएका छन् ।"

सामान्यतया दूषित ढल तथा फोहोरमैलाभन्दा मानव आवास क्षेत्र टाढा हुनु जरुरी छ । तर रुद्रमति प्रावि धोवीखोलाको किनारैमा अवस्थित हुँदा त्यहाँको प्रदूषित हावापानी बालबालिकाका लागि उपयुक्त नभएको विज्ञहरु बताउँछन् । त्रिचन्द्र सैनिक अस्पतालका फिजिशियन डा. पविता राई यस्तो फोहोरमैला र दुर्गन्ध फैलिएको क्षेत्रमा मलेरिया, झाडापखाला जस्ता महामारी रोग लाग्ने सम्भावना रहने बताउँछिन् ।

फोहोर वातावरण र प्रदूषित हावापानीको बीचमा बस्दा विद्यार्थीको शारीरिक मात्र होइन मानसिक असर समेत पर्ने सम्भावना रहन्छ । डा. राई भन्छिन्, "यदि यस्तो फोहोरमैला र प्रदूषित हावापानी भएको क्षेत्रमा जानुपर्‍यो भने पनि मास्कको प्रयोग गर्नुपर्छ । र, यस्तो स्थानमा लगातार लामो समयसम्म बसिराख्नु पनि हुँदैन ।"

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

# बढ्यो विदेशमा पढ्ने आकर्षण

**● वासुदेव तिमल्सिना**

चितवनको न्यू क्यापिटल कलेजबाट दश जोड दुई पास गरेका कुशलले पुल्चोकको इन्जिनियरिङ कलेजमा नाम निकाले । उनलाई निजी क्षेत्रका कलेजले ५० प्रतिशत छात्रवृत्तिको 'अफर' समेत गरे । तर, उनी यी दुवै कलेजमा भर्ना भएनन् । उनी अध्ययनका लागि विदेशिए ।

पटक पटक गरिने बन्द र हड्तालले मुलुकको शैक्षिक क्षेत्र प्रभावित भएकाले आफू विदेश जान लागेको कुशल बताउँछन् । 'छात्रवृत्ति' नपाउँदा पनि तीन वर्षे कोर्ष पूरा गर्न यहाँका इन्जिनियरिङ कलेजमा अढाइ लाख रुपैयाँ भए पुग्छ । तर, मध्यम वर्गीय परिवारका कुशल आइटीको दुई वर्षे कोर्षका लागि ६ लाख रुपैयाँ तिर्न राजी भई सिड्नीस्थित सेन्ट्रल कलेज पुगेका छन् । अष्ट्रेलिया उड्नुअघि 'नो अब्जेक्सन लेटर' का लागि शिक्षा मन्त्रालय पुगेका कुशलले भने "पढाइमा डिर्स्टवेन्स' नआउने हो भने यतिका धेरै रकम खर्चेर विदेश पढ्न जाने रहर कसलाई पो हुन्थ्यो र !"

राज्य र माओवादीबीच जारी द्वन्द्वले शैक्षिक संस्थाहरु कहिं चिहान त कहिं ब्यारेकमा परिणत भएका छन् । बढ्दो माओवादी गतिविधिसँगै हुनेखानेहरूले आफ्ना छोराछोरीलाई अध्ययनका लागि विदेश पठाउने क्रम पनि बढ्दो छ । उच्च शिक्षा अध्ययनका लागि २०५९ सालमा १ हजार १४ विद्यार्थी विदेशिएकोमा गत वर्ष यो संख्यामा एकसय प्रतिशत भन्दा बढिले वृद्धि भएको शिक्षा तथा खेलकुद मन्त्रालयको तथ्यांकबाट देखिन्छ । गत वर्ष २ हजार २ सय २५ विद्यार्थी निजी खर्चमा अध्ययनका लागि अमेरिका, चीन, अष्ट्रेलिया, वेलायत लगायतका मुलुक गए ।

विदेशका कलेजमा अध्ययनका लागि शिक्षा मन्त्रालयको 'नो अब्जेक्सन लेटर' आवश्यक पर्ने भएकोले लेटर लगेको आधारमा मन्त्रालयको छात्रवृत्ति शाखाले कुन देशमा कति विद्यार्थी कुन विषय अध्ययन गरिरहेका छन् भन्ने 'रेर्कड' राखेको छ । सबैभन्दा धेरै विद्यार्थीको रोजाइमा अमेरिका परेको छ । रेकर्ड अनुसार गत वर्ष १ हजार १ सय ७७

विद्यार्थी अमेरिका गएका थिए । २०५९ सालमा यो संख्या ३ सय ८९ मात्रै थियो । अमेरिकापछि चीन विद्यार्थीको छनौटमा परेको छ । निजी खर्चमा अध्ययनका लागि गत वर्ष ३ सय १९ विद्यार्थी चीन गएका छन् ।

चीन गएका मध्ये धेरैजसोले एमवीवीएस अध्ययन गरिरहे पनि अमेरिका गएका अधिकांशले यहिंका कलेजमा पढाइ हुने उही परम्परागत आर्टस र कमर्श नै पढिरहेको छात्रवृत्ति शाखा प्रमुख डा.शम्भु नारायण वैद्य बताउँछन् । अमेरिका, चीनका साथै अष्ट्रेलिया,वेलायत, पाकिस्तान, वंगलादेश, सिंगापुर, साइप्रस लगायतका मुलुकमा गएका विद्यार्थीको रेकर्ड भए पनि छिमेकी मुलुक भारतमा कति विद्यार्थी अध्ययनरत छन् भन्ने तथ्यांक मन्त्रालयमा छैन । छात्रवृत्ति शाखा प्रमुख वैद्य भन्छन्  "भारतका एकाध बाहेकका कलेजले नो अब्जेक्सन लेटर नमाग्ने भएकाले हामीसँग रेकर्ड नभएको हो ।"

मन्त्रालय सँग रेकर्ड नभए पनि उच्च शिक्षाका साथै विद्यालय तहमा पनि हजारौं नेपाली विद्यार्थीहरु भारतमा अध्ययनरत रहेको सरोकारवालाहरु बताउँछन् । तुलनात्मक रुपमा अन्य मुलुकको दाँजोमा भारतका विद्यालय एवं कलेजहरुमा निकै सस्तो पर्ने भएकोले पनि त्यहाँ अध्ययनरत विद्यार्थीको संख्या धेरै भएको अनुमान गर्न सकिन्छ ।

यहाँ अध्ययन गर्दा आफनो् भविष्य अनिश्चित एवं असुरक्षित हुने निर्क्योल निकाल्दै चावहिल, काठमाडौंका वेदेश ढुंगाना पनि भारत नै पसेका छन । वैंगलोरस्थित कर्नाटक धारवर्ड कलेजबाट समाजशास्त्रमा तीन वर्षे स्नातक पूरा गर्दा वेदेशको अन्दाजी डेढ लाख रुपैयाँ खर्च हुन्छ । २१ वर्षिय वेदेशले भारत जानुअघि  चरम राजनीतिका कारण यहाँको शैक्षिक वातावरण निराश लाग्दो बनेकोले अध्ययनका लागि वाध्य भएर विदेशिनु परेको' बताए ।

मुलुकको शिक्षा सुधारका लागि नीति नियम तर्जुमा गर्ने शिक्षा प्रशासकहरु स्वयम् पनि सकेसम्म आफ्ना छोराछोरीलाई स्वदेशमा पढाउन चाहँदैनन् । यहाँको शैक्षिक वातावरण दिनप्रतिदिन तनावपूर्ण बन्दै जान थालेपछि धेरै जसो शिक्षा प्रशासकहरुले आफ्ना छोराछोरीलाई नीजि खर्चमा विदेशमा नै पढाउन थालेका छन् । शिक्षा मन्त्रालयका प्रवक्ता लवप्रसाद त्रिपाठी भन्छन्  "प्रजातान्त्रिक समाजमा आफ्ना छोराछोरीलाई कहाँ पढाउने भन्ने अधिकार हरेक अभिभावकलाई हुन्छ र ऊ आफ्ना सन्ततिको उज्वल भविष्य देख्न चाहन्छ ।" उनका जेठा छोरा केशवले केही समय अगाडि मात्रै निजी खर्चमा भारतबाट सीए र आईसीडब्लूए तथा बेलायतबाट एसीसीएको कोर्ष गरेका छन् ।

शिक्षा प्रवक्ता त्रिपाठीले उच्च शिक्षाका लागि तयार पारिएको पाठयक्रम उत्कृष्ट रहेको दाबी गरे पनि अर्जुनबहादुर भण्डारी, वीरेन्द्रकुमार सिंह, हरिश्चन्द्र यादव, मोहम्मद आलम खाँ, रामवृक्ष साह, लोक विलास पन्त लगायतका शिक्षा प्रशासकहरुले लाखौं रुपैयाँ खर्चेर आफ्ना छोराछोरीलाई अमेरिका, चीन, बंगलादेश लगायतका मुलुकमा पढाइरहेका छन् ।

प्रवक्ता त्रिपाठी भन्छन्, "पटकपटक गरिने बन्द, हड्ताल एवम् आन्दोलनले शैक्षिक वातावरण खल्बलिएकाले विद्यार्थीहरु विदेशीने क्रम बढेको हो ।" पूर्व शिक्षामन्त्री शिक्षामन्त्री मोदनाथ प्रश्रित भन्नुहुन्छ, "जतिसुकै ठूलो आन्दोलन भए पनि शिक्षण संस्थालाई राजनीतिबाट प्रभावित बन्न दिनुहुँदैन, शैक्षिक वातावरण बिग्रन नदिनतर्फ राजनीतिकर्मीहरुले ध्यान दिनुपर्छ ।"

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

# अपाङ्ग शिक्षा : ऐनले दिएको सुविधा कटौती

**● तुला अधिकारी**

सानोठिमी क्याम्पस, भक्तपुरमा स्नातक तह तेस्रो वर्षमा अध्ययनरत अपाङ्ग विद्यार्थी धर्मराज काफ्लेले यसपाली क्याम्पसमा लाग्ने शुल्क पुरै तिरे । यसअघि उनी निःशुल्क रुपमा पढ्दै आएका थिए । क्याम्पस प्रशासनले परीक्षा लगायतको शुल्क नतिरे परीक्षा प्रवेशपत्र नै नदिने सुचना टाँसेपछि उनको पाइआएको सुविधा कटौती भयो ।

धर्मराज मात्र होइन, यसपाली सानोठिमी क्याम्पसमा पढ्ने सबै अपाङ्ग विद्यार्थीहरुले क्याम्पसमा साङ्ग विद्यार्थी सरह नै शुल्क तिरे । यसअघि उनीहरुबाट क्याम्पसले शुल्क लिने गरेको थिएन । सानोठिमी क्याम्पसका अनुसार, त्रिभुवन विश्वविद्यालयले यसपालीदेखि अपाङ्ग विद्यार्थीहरुलाई निःशुल्क पढाउन नसकिने भनी पत्र पठाएकाले आफूले अपाङ्ग विद्यार्थीहरुबाट पनि शुल्क लिन थालिएको हो ।

अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९ ले अपाङ्ग विद्यार्थीहरुलाई निःशुल्क शिक्षा दिनुपर्ने व्यवस्था गरेको छ । ऐनको दफा ४, ५, ६ मा अपाङ्ग विद्यार्थी भर्ना हुँदा कुनै पनि शिक्षण संस्थाले शुल्क उठाउन पाउने छैन र उनीहरुलाई निःशुल्क शिक्षा दिइने प्रावधान छ । तर यो ऐन बनेको २२ वर्ष बितिसक्दा पनि व्यवहारमा कार्यान्वयन भने हुनसकेको छैन । धेरै अपाङ्गहरु ऐनले दिएको यो अवसरबाट वञ्चित छन् । जसले गर्दा अपाङ्ग विद्यार्थीले पनि साङ्ग सरह शुल्क तिरेर पढिरहेका छन् । नेपालमा अनुमानित २४ लाख अपाङ्गहरु छन् । जसमध्ये १२ लाख बालबालिका रहेको बालबालिकासम्बन्धी गैरसरकारी संस्था सिविनले जनाएको छ । यीमध्ये १० प्रतिशतले मात्र शिक्षा लिने अवसर पाएका छन् । जसले आजसम्म निःशुल्क शिक्षाको सुविधा पाउन सकेका छैनन् ।

अपाङ्गता भएको मान्छले साङ्ग सरह हरेक कुराको उपभोग गर्न सक्तैन । त्यसकारण राज्यले उसका निम्ति विशेष आरक्षणका व्यवस्थाहरु गर्नुपर्छ । विश्वव्यापी मान्यता नै यही छ । नेपाली समाजमा त झन् अपाङ्ग भन्ने वित्तिकै हेला गर्ने र हरेक अवसरबाट वञ्चित गर्ने कुसंस्कार छ । अपाङ्ग बच्चा जन्मने वित्तिकै हरेक अवसरवाट वञ्चित गर्ने प्रवृत्ति छ । यसले केहि पनि गर्न सक्दैन भनेर उसभित्र भएको क्षमता बाहिर आउनै दिइँदैन । कतिपय ठाउँमा पढाईबाट समेत वञ्चित गरिन्छ । तर अपाङ्गहरुले अवसर पाए भने जस्तो सुकै चुनौतिपूर्ण काम पनि गर्न सक्छन् भन्ने उदारण धेरै अपाङ्गहरुले देखाईसकेका छन् ।

राज्यले सकेमा अपाङ्गका सुविधा थप्दै उनीहरुलाई सवलाङ्ग सरह बाँच्न प्रेरित गर्नुपर्ने हो । तर, बिडम्बना यहाँ कानुनले दिएको अधिकार समेत अपाङ्गहरुले उपभोग गर्न पाइरहेका छैनन् । नेपाल अपाङ्ग तथा मानवाधिकार केन्द्रले अपाङ्ग विद्यार्थीलाई निःशुल्क शिक्षाको व्यवस्था हुनुपर्छ भन्दै मुद्दा समेत दायर गर्‍यो । फलस्वरुप अदालतले गतवर्ष कार्तिक २८ गते सरकारलाई ऐन कार्यान्वयन गर्ने आदेश दियो । सो फैसलाको १० महिनापछि पनि अपाङ्गका लागि किटान गरिएको निःशुल्क शिक्षा कार्यान्वयन हुन सकेको छैन ।

शिक्षा विभाग विशेष शिक्षा इकाईका कार्यक्रम अधिकृत गणेश पौडेल सरकारी विद्यालयहरुमा निःशुल्क शिक्षाको व्यवस्था कार्यान्वयन भैरहेको तर निजी शैक्षिक संस्था र क्याम्पसहरुमा भने राम्ररी कार्यान्वयन हुन नसकेको स्वीकार्छन् । तर, विस्तारै लागू हुँदै जाने दावी उनको छ । शिक्षा मन्त्रालयका प्रवक्ता लवप्रसाद त्रिपाठी गरीब, जेहेन्दार, दलित पिछडिएका वर्ग र अपाङ्ग विद्यार्थीहरुलाई सरकारले निःशुल्क शिक्षा दिने नीति लिएको बताउँदै यो नीति व्यवहारमा कार्यान्वयन गर्न छलफल भइरहेको र यो आर्थिक वर्षदेखि लागू गरिने बताउँछन् ।

अपाङ्गहरुलाई केही छात्रवृत्ति छुट्याईएको छ । ती छात्रवृत्ति पनि टाठाबाठाहरुका हातमा मात्र परेको आरोप अपाङ्गहरु नै लगाउँछन् । "त्यो पनि सहरतिरै हराउने गर्छ," नेपाल अपाङ्ग तथा मानव अधिकार केन्द्रका अध्यक्ष सुर्दशन सुवेदी भन्छन्, "अपाङ्गलाई एक दुइ वटा छात्रवृत्तिको कोटा छुट्याउँदैमा यो समस्या समाधान हुँदैन ।"

अधिवक्ता राजुप्रसाद चापागाईं भन्छन्, "अदालतले अपाङ्गलाई निःशुल्क शिक्षाको प्रावधान लागू गर्ने आदेश दिए पनि कार्यान्वयन भएको छैन । छिट्टै यो लागू हुनुपर्छ ।" सर्वोच्चको आदेश कार्यान्वयन गर्न सरकार सचेत हुनुपर्ने बताउँदै अधिवक्ता चापागाईं अन्यथा सर्वोच्चले समेत आदेश कार्यान्वयनका लागि ताकेता गर्नुपर्ने बताउँछन् ।

सर्वोच्चले आदेश जारी गरेर मात्रै पुग्दैन भन्दै उनी राम्ररी अनुगमन गर्न नसक्ने हो भने जसरी ०३९ सालमा बनेको ऐन किताबमा मात्र सीमित रहेर कार्यान्वयन भएन त्यसरी नै सर्वोच्चको आदेश पनि पानामा मात्र सीमित रहने बताउँछन् । प्रथम दृष्टिविहीन अधिवक्ता लक्ष्मण ज्ञवाली पनि अपाङ्गहरुलाई निःशुल्क शिक्षा दिने सरकारी प्रतिबद्धता ऐनमै सीमित रहेको बताउँछन् । "ऐन, नियम बनेका छन् र सर्वोच्चले समेत कार्यान्वयन गर्न आदेश दिएको छ तर कार्यान्वयन हुन नसकेपछि तिनको कुनै अर्थ छैन," उनी भन्छन् । साङ्ग र अपाङ्ग दुवै वर्गका लागि शिक्षाको आवश्यकता पर्छ । अपाङ्ग व्यक्तिले शिक्षा पाएको अवस्थामा साङ्ग सरह नै हरेक क्षेत्रमा काम गर्नसक्छ ।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*